नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# हुलाक सेवा विभाग

बबरमहल, काठमाडौं, नेपाल

## हुलाक टाँचा खरिद गर्ने बारेको बोलपत्र आह्वानको सूचना

सूचना नं.: १-२०८१/०८२

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१२/०३ गते

यस विभागलाई आ.व. २०८१/०८२ को लागि आवश्यक पर्ने हुलाक टाँचा विद्युतिय माध्यमबाट बोलपत्र मार्फत खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक संस्था/ फर्म/कम्पनीहरुलाई यो सूचना तथा बोलपत्र फाराममा उल्लेखित शर्त र रित पुरा गरि e-bidding portal www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरु:**

१. इजाजत प्राप्त संस्था/ फर्म/कम्पनीले देहायमा उल्लेख गरिए अनुसार बोलपत्र पेश गर्नुपर्ने छ ।

२. बोलपत्र फाराम e-Gp System को www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

३. इजाजत प्राप्त इच्छुक योग्य फर्म/अधिकृत बिक्रेता/कम्पनीले बोलपत्र पेश गर्नु अघि e-Gp system मा register गर्नुपर्ने छ । बोलपत्र दस्तुर बापत रु ३०००.०० देहायको बैंकमा जम्मा गर्नुपर्ने छ ।

**बोलपत्र दस्तुर जम्मा गर्ने प्रयोजनको लागि विवरण :**

| | |
|---|---|
| बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखा | कार्यालयको नाम: कोष तथा लेखा नियन्त्रक कार्यालय |
| कार्यालय कोड नं.: ३५८०३३५०२ | कार्यालय खाता नं.: क-१-१-९९९ |
| राजश्व शिर्षक नं.: १४२२९ (अन्य प्रशासनिक शुल्क) | |

४. बोलपत्रदाताले देहायको विड सेक्यूरिटी रकम को.ले.नि.का. बबरमहलको नाममा रहेको १२०१२००००१००२५२४ नम्बरको नेपाल राष्ट्र बैंक थापाथली स्थित धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा सोही रकम बराबर बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिनको अवधि रहेको मान्यता प्राप्त बैंकको बैंक जमानत पत्र (विड वण्ड) Scan गरी पेश गर्नुपर्ने छ ।

५. सम्पूर्ण हुलाक टाँचामा उल्लेख गर्नुपर्ने विवरण (हुलाक कार्यालयको नाम, पोष्टल कोड, ठेगाना आदि) फरक/फरक हुनेछ र उक्त विवरण हुलाक सेवा विभागबाट उपलब्ध गराइनेछ ।

६. इच्छुक बोलपत्रदाताले www.bolpatra.gov.np/egp मा विद्युतिय माध्यमबाट २०८२/०१/०३ गते १२:०० बजे भित्र pdf format मा बोलपत्र तयार गरी पेश गर्नुपर्ने छ ।बोलपत्रदाताले पेश गरेको बोलपत्रको सक्कल प्रति बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ५ (पाँच) दिन भित्रमा यस विभागमा पेश गर्नुपर्ने छ ।बोलपत्रदाताले पेश गरेका कागजपत्रहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ ।

७. विद्युतिय माध्यमबाट www.bolpatra.gov.np/egp मा upload भएका बोलपत्रहरु २०८२/०१/०३ गते २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएको कारणले मात्र बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

७. बोलपत्र बारेमा थप जानकारी लिन, हुलाक टाँचा नमुना हेर्न आवश्यक परेमा हुलाक सेवा विभाग, बबरमहल, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ ।

८. विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्ने सम्वन्धि प्राविधिक जानकारी लिन आवश्यक ठानेमा सार्वजनिक खरिद अनुगमन कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

९. बोलपत्र पेश गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

१०. बोलपत्र फाराम साथ फर्म वा कम्पनी दर्ता प्रमाण पत्र (नविकरण सहित ),सम्बन्धीत निकायबाट व्यवसाय संचालन गर्ने ईजाजत पत्र, मु.अ.क./स्थाई लेखा नम्बर, दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र, (आ.ब.२०८०/०८१सम्म को) प्रमाणित प्रतिलिपी र कानून बमोजिमको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

११. यो सूचनामा उल्लेख नभएका कुराहरु बोलपत्रमा कागजात, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ र प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

| ठेक्का नं. | खरिद विवरण | खरिद प्रकार | बोलपत्र दस्तुर (रु.) | विड जमानत रकम (रु.) |
|---|---|---|---|---|
| PSD/G/NCB-7/2081/82 | हुलाक टाँचा | बोलपत्र | ३,०००.०० | १,५०,०००.०० |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल काठमाडौं